# रूपन्देहीको पत्रकारिता विगतका पानाहरूमा

वसन्तध्वज जोशी

एक शताब्दी पार गरिसकेको नेपाली पत्रकारिताको इतिहासमा रूपन्देही जिल्लाको पत्रकारिताको पनि अहम् भूमिका छ। रूपन्देहीको पत्रकारिताको इतिहासलाई खोतल्दै जाँदा वि.सं. २०१२ सालमा बुटवल साप्ताहिकको प्रकाशनबाट यस जिल्लाको पत्रकारिताको सुरुआत भएको पाइन्छ। २०३६ सालको जनमत सङ्ग्रहपश्चात् देशमा आएको केही खुकुलो राजनीतिक वातावरण सँगसँगै पत्रकारिताले नयाँ मोड लियो।

वि.सं. २०३९ साल देखि २०४० सालसम्म नयाँ पत्रपत्रिकाहरूको दर्ता खुला भए पछि राजधानीमा मात्र होइन मोफसलमा समेत पत्रपत्रिकाको सङ्ख्या धेरैले बढ्यो। पत्रपत्रिका दर्ता गर्ने क्रममा २०३५/०३६ सालको विद्यार्थी आन्दोलन तथा जनमत सङ्ग्रहको खुला वातावरणमा देखा परेका धेरै युवा प्रतिभाहरू अग्रसर हुन पुगे। फलस्वरूप कम्तीमा पनि जनमत सङ्ग्रहको वेला उपभोग गरेका स्वतन्त्रताहरूलाई अधिकांश पत्रपत्रिकाले आफ्नो नैसर्गिक अधिकारका रूपमा दावा गर्दै निरन्तरता दिन थाले (पाण्डे २०५५: ७३)।

अहिले त देशभरि पत्रपत्रिकाको लहर नै आएको छ। ग्राहक सङ्ख्या पनि निकै बढ्दो छ। पत्रपत्रिकाको महत्त्व दिनानुदिन झन् बढ्दै छ। पत्रकारिताको दृष्टिले मोफसलको राजधानी मानिने बुटवलबाट मात्र अनेकौं दैनिक निस्कँदै छन्। दैनिक पत्रिकाको प्रकाशनले गर्दा प्रतिस्पर्धामा उत्रन नसकेर यहाँका विगतमा नियमित प्रकाशन भैरहेका साप्ताहिक पत्रिकाहरू वन्द भैसके। लेटरप्रेसको युग बितिसकेको छ। नयाँ नयाँ सूचना प्रविधिको विकासले विश्व साँगुरिँदै गएको छ। अफसेट प्रविधिको मुद्रण, इलेक्ट्रोनिक मेल तथा इन्टरनेट जस्ता विकसित सूचना प्रविधिको माध्यमहरूको उपभोग हाल यस क्षेत्रमा पनि सुरु भैसकेको छ। विगतमा थुप्रै उतार चढावहरूलाई बेहोर्दै रूपन्देहीको पत्रकारिता आजको अवस्थासम्म आइपुगेको हो। यहाँको पत्रकारिताको अतीतका विभिन्न पक्षहरूको चर्चा गर्नु यस लेखको उद्देश्य हो। यस लेखलाई दुई खण्डमा विभाजन गरिएको छ। पहिलो खण्डमा रूपन्देहीका अखबारहरूको सामान्य विवरण संलग्न छ भने दोस्रो खण्डमा पत्रकारितासँग सम्बन्धित विविध पक्षको चर्चा गरिने छ।

## खण्ड १

सुरुआतका दिनदेखि नै रूपन्देही जिल्लामा प्रकाशित हुँदै आएका पत्रिकाहरूको सङ्क्षिप्त नालीबेली यहाँ प्रस्तुत गरिनेछ। रूपन्देही जिल्लाको पत्रकारिताको विकासक्रमलाई सामान्य हिसावमा तीन चरणमा विभाजन गर्न सकिन्छ। रूपन्देहीमा

पत्रकारिता सुरु भएको २०१२ सालदेखि जनमत सङ्ग्रहअघिको समयावधिलाई प्रारम्भिककाल, जनमत सङ्ग्रहदेखि जनआन्दोलनसम्मको समयावधिलाई मध्यकाल तथा प्रजातन्त्र पुनर्स्थापनापछिको कालखण्डलाई आधुनिककालका रूपमा विभाजित गरिएको छ।

**क) प्रारम्भिककाल** (वि. सं २०१२–२०३५)

(१) ***बुटवल* साप्ताहिक:** रूपन्देही जिल्लाको पहिलो समाचारपत्र। दर्ता नं. नभएको। पाल्ही माझखण्ड गोश्वारा (पामागो) को आज्ञावाट लेखिएको। प्रकाशन मिति २०१२/१२/१५, मूल्य प्रति एकको -।०६ पैसा मात्र भएको। सो पत्रिका वर्ष १ अङ्क ९ सम्म प्रकाशित भएको पाइन्छ। यस पत्रिकाको प्रकाशक नेपाल•युवक सङ्घ वुटवल शाखा र सम्पादकहरूमा परिक्षितप्रसाद लाकौल, मदनवहादुर प्रधान, सूर्यलाल, ओमशङ्कर र द्रोणराज जोशी रहनु भएको छ। यो पत्रिका अद्यापि श्री मदन पुरस्कार पुस्तकालय श्री दरवार टोल ललितपुरमा सुरक्षित छ।

(२ ***लुम्विनी* साप्ताहिक:** पामागो. दर्ता नं. १ सम्पादक सूर्यलाल, शोभाकान्त नेपाल, मुन्निलाल शाक्य तथा प्रकाशक सीताराम द्विवेदी। मूल्य एक प्रतिको-/१६ पैसा। वार्षिक शुल्क रू ८।- यसको पहिलो प्रकाशन २०१८/११/७ मा भएको थियो। यो पत्रिका वर्ष ४ अङ्क ३०/३१ ,२०२२ साल कार्तिक १ गतेसम्म प्रकाशित भई 'अवैध कार्यको शङ्का कपिलवस्तुमा अवैध आवा सेट ? पाकिस्तानसित अनधिकृत सम्वन्ध?' शीर्षकको समाचारमा प्रशासनले कार्वाही चलाएपछि वन्द भएको थियो।

(३) ***लुम्विनीसन्देश* साप्ताहिक:** पामागो. द.नं. ४। लुम्विनी अञ्चल पञ्चायतको मुखपत्रको रूपमा पहिलो अङ्क २०२२ साल वैशाख ६ गते प्रकाशित। यसको पहिलो सम्पादक मोदनाथ प्रश्रित त्यसपछि वीचमा केही समयसम्म तत्कालीन अञ्चल पञ्चायत निर्देशन अधिकारी रवीन्द्रनाथ शर्मा त्यसपछि कुलमणि देवकोटा र तत्पश्चात २०२४ देखि २०३१ सालसम्म अर्जुन ज्ञवाली। पत्रिका प्रकाशन गर्ने अञ्चल पञ्चायतसँग वजेट नभएको कारण २०३१ सालमा प्रकाशन वन्द। २०३३ सालमा गाउँफर्क राष्ट्रिय अभियान लुम्विनी अञ्चल समितिले पुनः २/३ अङ्क प्रकाशित गरी वन्द भएको।

(४) **दैनिक *निर्णय*:** २०२२।७।२ मा पश्चिम ३ नम्वर (गोश्वारा दर्ता नम्वर १०) पोखरामा दर्ता भई वेदराज पन्तको सम्पादनमा प्रकाशित भएको उक्त पत्रिकाको मूल्य त्यस वखत -।५ पैसा मात्र थियो। यो पत्रिका पुनः वि.सं.२०२३।७।६ मा लुअं द.नं. ५ मा दर्ता भै मूल्य -।१० पैसा कायम गरी वर्ष २ अङ्क १ देखि प्रतापकुमार भट्टचनको सम्पादनमा भैरहवा रूपन्देहीवाटं प्रकाशित भएको पाइन्छ। वि.सं.२०४८ पौष २२ गते उहाँको निधन पश्चात् केही समय वन्द रहेता पनि यसको सञ्चालन उहाँका सहोदर भाई गोपाल भट्टचनको सम्पादनमा केही अङ्क प्रकाशित भै पुनः वन्द।

(५) ***निष्पक्षध्वनी*:** पहिलो अङ्क २०२७ साल कार्तिक १३ गते प्रकाशित। प्रधान सम्पादक तथा प्रकाशक करुणानिधि शर्मा रहेको सो पत्रिका पछि लु.अं. कार्यालय द.नं.

१६।०२७/२७ मा दर्ता भई विचार साप्ताहिकमा परिणत भएको। केही अङ्क काठमाडौं र भैरहवामा प्रकाशित भई हाल वन्द रहेको छ। उपर्युक्त दुवै पत्रिकामा लामो समयसम्म लेखनाथ ज्ञवालीले सम्पादकको भूमिका निर्वाह गर्नुभएको थियो।

(६) *खसोखास* साप्ताहिकः यो साप्ताहिक २०२७ फागुनदेखि २०३९ सालसम्म केही समय काठमाडौं र धेरैजसो सिद्धार्थनगरवाट प्रकाशित भएको देखिन्छ। सुरुमा यसका सम्पादक तथा प्रकाशक कपूर ज्ञवाली वीचमा शशि पन्थी र अन्त्यतिर कृष्ण ज्ञवाली सम्पादक रहनु भयो। हाल यो वन्द छ।

(७) *खबर* दैनिकः सम्पादक कपूर ज्ञवाली, सिद्धार्थनगर। केही अङ्क प्रकाशित भई वन्द भएको।

## ख) मध्यकाल (वि. सं २०३६–२०४५)

(८) *एक्सरे* साप्ताहिकः यो साप्ताहिक २०३९ साल आश्विन २२ गतेदेखि वुटवलवाट निस्कन थाल्यो। दर्ता नं. १।०३९।४० रूपन्देही जिल्ला कार्यालय, सिद्धार्थनगर। प्रधान सम्पादक तथा प्रकाशकमा वसन्तध्वज जोशी। सम्पादक नारायण कार्की। समयसमयमा अर्जुन ज्ञवाली, लेखनाथ ज्ञवाली, हरि ज्ञवाली, एकराज पाण्डे र चतुर्भुज आत्रेय समेत यस साप्ताहिकको सम्पादक रहनु भएको थियो। २०५२ साल जेठ १२ गतेदेखि यसको प्रकाशन स्थगन भएको छ। २०५६ सालदेखि रूपन्देहीको सट्टा काठमाडौं जिल्लावाट प्रकाशित हुने गरी ठाउँ सारी गरिएको।

(९) *समालोचना* साप्ताहिकः द.नं. ५।०३९।४० रू.जि.का. सिद्धार्थनगर पहिलो अङ्क ८ कार्तिक २०३९। सम्पादक तथा प्रकाशक रामचन्द्र भट्टराई। यो साप्ताहिक २०४४ सालमा रामचन्द्र भट्टराई, कर्णवहादुर कार्की र शशि पौडेलको संयुक्त प्रयासमा दैनिक पत्रिकाको रूपमा केही दिन वुटवलको ज्वालामुखी प्रेसवाट निस्क्यो। त्यसपछि वन्द रह्यो।

(१०) दैनिक *सिद्धार्थ*ः रू.जि.का.द.नं. ११।०३९।०४० प्रधान सम्पादक वावुराम अर्याल। केही समय यसको सम्पादक शशि पौडेल र चतुर्भुज आत्रेय रहनुभयो। २०४८ साल पछि यसको प्रकाशन वन्द भयो।

(११) *परिवर्तन* पाक्षिकः रू.जि.का.द.नं.४।०३९।४०। २०४२ सालमा साप्ताहिकमा परिणत भई केही अङ्क दैनिक पनि प्रकाशित। सम्पादक तथा प्रकाशक वावुराम अधिकारी। अनियमित प्रकाशन भई वन्द भएको।

(१२) *मुक्तिसन्देश* पाक्षिकः लु.अ.द.नं.१९।०४।०४१ सम्पादक तथा प्रकाशक नारायण सापकोटा। २०५१।०५२ सालदेखि यसको प्रकाशन वन्द।

(१३) *संश्लेषण* साप्ताहिकः द.नं. २६।०३९।०४० पहिलो अङ्क २९ भाद्र २०३९। सम्पादक तथा प्रकाशक श्यामसुन्दर गुप्ता। अनियमित प्रकाशनको कारण २०४३ मा निलम्वन गरिएको।

(१४) ***प्रतिमान*** **साप्ताहिकः** द.नं. १२।०३९।०४० सम्पादक तथा प्रकाशक वामदेव पहाडी। केही अङ्क प्रकाशित भए पछि प्रकाशन वन्द।

(१५) ***धवल*** **पाक्षिकः** द.नं.१५।०४२।०४३ सम्पादक तथा प्रकाशक माधवनाथ शर्मा। एकाध अङ्क प्रकाशित भएपछि अनियमित भई वन्द।

(१६) ***लुम्विनीदूत*** **साप्ताहिकः** द.नं ०२।०३९।०४० सम्पादक तथा प्रकाशक कृष्णराज पाण्डे। केही महिना प्रकाशित भए पछि वन्द।

(१७) ***सम्वाद*** **साप्ताहिकः** रूजिका द.नं.२।२६९८।०३९।०४० सम्पादक तथा प्रकाशक कृष्णराज पाण्डे। हालसम्म नियमित प्रकाशन।

(१८) ***चित्कार*** **साप्ताहिकः** द.नं. २।०३९।४० सम्पादक तथा प्रकाशक वसन्त कार्की, सूर्य श्रेष्ठ आजाद र वुद्ध न्यौपाने। पहिलो अङ्क २७ आश्विन २०३९। अनियमित प्रकाशन भई वन्द।

(१९) ***त्रिवेणी*** **साप्ताहिकः** नवलपरासीमा दर्ता भई वुटवलवाट प्रकाशित। द.नं १३।०३९।०४० सम्पादक तथा प्रकाशक हिमलाल ज्ञवाली। प्रकाशन मिति २०३५ कार्तिक महिना। वीचमा लामै समयसम्म यसको प्रकाशन वन्द भई पुनः केही वर्ष काठमाडौंवाट नियमित प्रकाशन। हाल वन्द रहेको।

(२०) ***सुशेली*** **साप्ताहिकः** द.नं. ९।०३९।०४० रूपन्देही। सम्पादक तिलक सिंह। अनियमित प्रकाशन भई एक दुई अङ्क पश्चात् वन्द।

(२१) ***लालिगुराँस*** **साप्ताहिकः** नवलपरासी जिल्ला प्रशासन कार्यालय द.नं. १।०३६।०३७ मा दर्ता भई केही अङ्क वुटवलवाट प्रकाशित। सम्पादक तथा प्रकाशक हिमलाल ज्ञवाली। दुई चार अङ्क प्रकाशित भएपछि प्रकाशन वन्द।

(२२) ***वाणी*** **साप्ताहिकः** भैरहवावाट केही अङ्क प्रकाशित। द.न. १०।०३९।०४० सम्पादक तथा प्रकाशक पृथ्वी शेरचन। अनियमित प्रकाशन भई वन्द।

(२३) ***लुम्विनी*** **दैनिकः** द.नं. ४।०४५।०४६। पौष ११ गते नवलपरासी जिल्ला प्रशासन कार्यालयमा दर्ता भई लुम्विनी प्रकाशन प्रा.लि.का लागि सिद्धार्थ अफसेट प्रेस वुटवलमा मुद्रित। प्रधान सम्पादक कर्णवहादुर कार्की। हालसम्म नियमित प्रकाशन।

**ग) आधुनिककाल (वि. सं २०४६–२०५८)**

(२४) ***जनसङ्घर्ष*** **दैनिकः** द.नं १९।०४६।४७। पहिलो अङ्क २०४७ असार ९ गते प्रकाशित। प्रधान सम्पादक वालकृष्ण चापागाईं। २०५४ आषाढ २४ गतेदेखि मिडिया विकास कोषको ऋण सहयोगमा सञ्चालित तथा हाइटेक अफसेट प्रकाशन प्रा.लि. वुटवलमा मुद्रित। हालसम्म नियमित प्रकाशन।

(२५) ***चौतारी*** **दैनिकः** रूजिका द.नं. २४।०४७।०४८। पहिलो अङ्क २०४७।६।२९मा प्रकाशित। सुरुको सम्पादक तथा प्रकाशक खेम कोपिला। पछि चौतारी प्रकाशन प्रा

लि.का लागि करिश्मा छापाखाना वुटवलमा मुद्रित। प्रधान सम्पादक मित्रवहादुर शाक्य। हाल वन्द।

(२६) ***नयाँ दिशा*** **दैनिकः** अस्थायी दर्ता नं. ३०।०४९।०५० पहिलो अङ्क २०५० फागुन ३ गते प्रकाशित। प्रधान सम्पादक गोविन्दवहादुर थापा। कार्यकारी सम्पादक सुमन अधिकारी। जागृति प्रकाशन प्रा.लिका लागि युनिभर्सल प्रिन्टिङ्ग प्रेस वुटवलमा मुद्रित। नियमित प्रकाशन।

(२७) ***श्री देउराली*** **दैनिकः** जिप्रका. मोरङ द.नं. १०५। पहिलो अङ्क २०५४ माघ २८ गते। सम्पादक हरि अधिकारी। स्थानीय सम्पादक खिमानन्द भट्टराई, टीकाराम न्यौपाने। आकाशगङ्गा प्रकाशन प्रा.लि.का लागि वुटवल अफसेट प्रकाशन प्रा.लि. मा मुद्रित। नियमित प्रकाशन।

(२८) ***युथ-टुडे*** **विक्लीः** रूजिका. द.नं. ४५।०५४।०५५ पहिलो अङ्क डिसेम्वर १४, १९९७ प्रधान सम्पादक लक्ष्मीनाथ ज्ञवाली। सम्पादक केशव नेपाल। प्रकाशक धनवहादुर पुन। पश्चिमाञ्चल क्षेत्रकै पहिलो अङ्ग्रेजी साप्ताहिक। हाल प्रकाशन वन्द।

(२९) ***नयाँ चुनौती*** **साप्ताहिकः** रूजिका. द.नं. ३२।०५०।०५१ सुरुमा सम्पादक प्रकाशक लीलाधर मरासिनी। हाल प्रकाशन वन्द।

(३०) ***भावना*** **दैनिकः** रूजिका द.नं. ४०।०५३।०५४ पहिलो अङ्क २०५३ फागुन ८ गते। सम्पादक तथा प्रकाशक वद्री पाण्डे। मुद्रक भावना छापाखाना। २०५४।११।९ पश्चात् यसको प्रकाशन वन्द।

(३१) **साप्ताहिक** ***बुटवलः*** रूजिका. द.नं. ४१।०५३।०५४ सम्पादक डोलाराम घिमिरे। सहसम्पादक केशवराज खनाल। प्रकाशक शशि पौडेल। वुटवल साप्ताहिकको लागि युनाइटेड ग्राफिक्स प्रिन्टर्स प्रा.लि. काठमाडौंवाट रङ्गीन कलेवरमा मुद्रित। पहिलो अङ्क २१।११।०५३ मा प्रकाशित भै तेस्रो अङ्क पश्चात वन्द। केही अङ्क पुनः वुटवलवाट प्रकाशित। पछिल्लो सम्पादक सिद्धिचरण भट्टराई। हाल यसको प्रकाशन वन्द।

(३२) ***उपचार*** **साप्ताहिकः** रूजिका. द.नं. ३८।०५१।०५२ सम्पादकहरू डोलाराम घिमिरे र हरिप्रसाद घिमिरे। मुद्रक श्री महालक्ष्मी प्रिन्टिङ्ग वर्क्स वुटवल। अनियमित प्रकाशन। हाल वन्द।

(३३) ***सिद्धसन्देश*** **साप्ताहिकः** रूजिका. द.नं. ३९।०५२।०५३ सम्पादक तथा प्रकाशक पण्डित वावुराम भट्टराई। मुद्रक राष्ट्रिय छापाखाना वुटवल। केही अङ्क प्रकाशित भएपछि वन्द।

(३४) ***निष्पक्ष*** **साप्ताहिकः** रूजिका. द.नं. २९।०४९।०५० प्रथम अङ्क २०४९ कार्तिक २६ गते प्रकाशित। सम्पादक तथा प्रकाशक रामप्रसाद खनाल। सुरुको प्रधान सम्पादक ऋषिराम भुसाल। २०५४ साल पौष महिनादेखि यसको प्रकाशन स्थगन। २०५५ सालदेखि हालसम्म काठमाडौंवाट नियमित प्रकाशन।

(३५) ***बुद्धसन्देश*** **साप्ताहिकः** दर्ता नं. ३१।०४९।०५० सम्पादक तथा प्रकाशक मीनवहादुर श्रीस मगर। फाटफुट अनियमित प्रकाशन। मुद्रक लाङ्घाली छापाखाना वुटवल। हाल वन्द।

(३६) ***यथार्थ*** **दैनिकः** रूजिका. द.नं. १०।०५१।०५२ पहिलो अङ्क २०५१ साउन २५ गते। सम्पादकहरू करुणानिधि शर्मा र नारायण सापकोटा। यथार्थ प्रकाशन प्रा.लि . सिद्धार्थनगरका लागि वुटवलवाट प्रकाशित भै केही अङ्क निस्के पछि वन्द।

(३७) ***भावनामञ्च*** **साप्ताहिकः** रूजिका. द.नं. ३६।०५१।०५२ सम्पादक तथा प्रकाशक वुद्धिप्रसाद शर्मा । पहिलो अङ्क २०५१ असोज २३ गते प्रकाशित। दोस्रो अङ्क पछि वन्द।

(३८) ***खुल्दुली*** **साप्ताहिकः** रूजिका. द.नं. २६।०४७।०४८ पहिलो अङ्क २०४७ चैत्र ५ गते प्रकाशित। सम्पादक हरिप्रसाद नेपाल। एक दुई अङ्क प्रकाशित भै वन्द।

(३९) ***निर्मल*** **दैनिकः** सम्पादक कृष्ण ज्ञवाली। दुई चार अङ्क प्रकाशित भै वन्द।

(४०) ***जनता*** **साप्ताहिकः** रूजिका. द.नं. १८।०४६।०४७ सम्पादक लक्ष्मीनाथ ज्ञवाली। पहिलो अङ्क २०४७ असार ४ गते प्रकाशित । फाटफुट अनियमित प्रकाशन भै बन्द।

(४१) ***सूचना*** **अर्धसाप्ताहिकः** द.नं. २७।०४७।०४८। प्रकाशक लीला पन्त। सम्पादक वसन्त पोखरेल। फाटफुट प्रकाशन भै वन्द।

(४२) ***सन्देशा*** **साप्ताहिकः** द.नं. २२।०४७।०४८ पहिलो अङ्क २०४७ माघ ९ गते प्रकाशित। अनियमित प्रकाशन भै वन्द। सम्पादक तथा प्रकाशक वसन्त पोखरेल।

(४३) ***अर्चना*** **साप्ताहिकः** सम्पादक तथा प्रकाशक श्रीकृष्णलाल श्रीवास्तव भैरहवा। प्रथम अङ्क २०४७ पौष २० गते प्रकाशित हिन्दी भाषामा प्रकाशित हुने यस जिल्लाको यो पहिलो पत्रिका हो। एक दुई अङ्क प्रकाशित भएपछि वन्द।

(४४) ***नेपाल*** **साप्ताहिकः** रूजिका. द.नं. २३।०४७।०४८ रूपन्देही जिल्लामा महिला सम्पादक तथा प्रकाशक रहेको पहिलो पत्रिका। सम्पादक तथा प्रकाशक सीता कोइराला। रूपन्देही जिल्लामै व्यावसायिक पत्रकारितामा अग्रसर पहिलो महिला पत्रकार। भैरहवावाट एक दुई अङ्क प्रकाशित भए पछि वन्द।

(४५) ***लोचन*** **साप्ताहिकः** सम्पादक तथा प्रकाशक चुन्नुप्रसाद भण्डारी। केवल दर्ता मात्र भै एक अङ्क पनि ननिस्केको।

(४६) ***मेचीकाली सन्देश*** **दैनिकः** रूजिप्रका.दनं. ५६।०५७।०५८ पहिलो अङ्क २०५७ साल मङ्सिर ३० गते शुक्रवार प्रकाशित। प्रधान सम्पादक भरतकुमार पोखरेल। मेचीकाली वहुउद्देश्यीय सहकारी संस्था लि. वुटवलद्वारा मेचीकाली अफसेट प्रिन्टिङ्ग प्रेस वुटवलमा मुद्रित। हाल सम्म नियमित प्रकाशन।

(४७) ***नयाँ राज्यसत्ता*** **साप्ताहिक** सम्पादक/प्रकाशक देववहादुर पाटा। २०५६ सालदेखि नियमित प्रकाशन।

(४८) ***बुटवल एक्सप्रेस* साप्ताहिक** सम्पादक जनार्दन घिमिरे प्रकाशक रामप्रसाद पाण्डेय। हालसम्म नियमित प्रकाशन।

(४९) ***सदीक्षा* साप्ताहिक** सम्पादक/प्रकाशक वद्रीनाथ पाण्डे।

(५०) ***जनराज्य* साप्ताहिक** द.नं. ३२/०५०/०५१ सम्पादक/प्रकाशक विनोद पहाडी। पहिलो अङ्क २०५८ साल असोज ५ गते प्रकाशित।

## खण्ड २

यस खण्डमा रूपन्देहीवाट प्रकाशित पत्रपत्रिकाहरूका विविध पक्षहरू जस्तैः समाचारका विषयवस्तु, विज्ञापनको स्थिति, वितरण, जनशक्ति, सञ्चालक आदिका वारेमा चर्चा गरिनेछ।

### विषयवस्तु

**समाचारः** रूपन्देहीको विगतको पत्रकारितामा समावेश विषयवस्तुको चर्चा गर्दा त्यतिखेर पश्चिम नेपाल युवक सङ्घद्वारा उपनिवेशवादको विरोध, नेपालमा प्रत्यक्ष शासनको अन्त, प्रथम पञ्चवर्षीय योजना, हाइड्रोजन वमको परीक्षण, सरकारले कानुनको अपमान गरेको, आजको कम्पनीको भाउ, चन्द्रलोकको यात्रा, संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त भएकोमा नेपालको खुसियाली, नौतनवामा नेपालीहरूलाई खतरा, एरोड्रम र अस्पताल वुटवलमा कि अन्यत्र ?, नेपाल-तिव्वत सडक नेपालको आफ्नो आन्तरिक मामिला, आठौं युवक महोत्सव, वुटवलमा पूर्व-पश्चिम राजमार्गको शुभारम्भ हजारौं जनताद्वारा श्रमदान, झरई नदी वाँध समितिको वैठक, अराष्ट्रिय तत्त्वलाई निर्मूल पार्न श्री ५ को सरकार कटिवद्ध, नवलपरासी वर्गीय सङ्गठनहरूको महाधिवेशन आदि शीर्षकमा छापिएका यी समाचारहरूले त्यससमयमा पत्रिकाहरूले छानेका विषयवस्तुहरूको विविधता दर्शाउँछ। *वुटवल* साप्ताहिकको 'वुटवलको अपील' शीर्षक अन्तर्गतको सम्पादकीयमा पाठकहरूसँग सहयोगको आह्वान गर्दै- 'पढ्नुहोस्, विज्ञापन पठाउनुहोस्। एजेन्टवाट पैसा उठेको छैन। तुरून्त पैसा पठाउनुहोस् यो वहुत जरूरी छ' भनिएको छ।

२०१२ माघ १ गते *वुटवल* साप्ताहिकको उपनिवेशवाद विरोधी दिवस मनाउने निर्णय शीर्षकअन्तर्गतको समाचारमा यस्तो लेखिएको छ - पश्चिम नेपाल युवक सङ्घको केन्द्रीय कार्य समितिको वैठकले लुम्विनीमा हुने विश्व वौद्ध सम्मेलनमा स्वयंसेवक दल खडा गरी आउँदो १९५६ जनवरी २१ का दिन अरू भागका युवकहरूले मनाएसरह शान्ति र प्रगतिको वाटोमा अगाडि वढ्न यो उपनिवेशवाद विरोधी दिवस मनाउने निर्णय गरिन्छ। त्यसै अङ्कमा 'पोखरामा प्रतिक्रियावाद विरोधी जनमोर्चा' शीर्षकको समाचारमा यस्तो भनिएको छ - पौष २१ गते साम्राज्यवाद, फासिस्टवाद र प्रतिक्रियावादको विरोध गर्न प्रतिक्रियावाद विरोधी जनमोर्चाको नाउँले एउटा संस्था खडा भएको थियो। जसमा सवै पार्टी सामेल हुने, जसको सभापति नन्दलाल पाण्डे, मन्त्री सर्वश्री तेजवहादुर र दयाशङ्कर चुनिनु भएको छ। सो संस्थाले पौष २३-२४

गते गोरखामा भैरहेको दमनको विरूद्ध प्रदर्शन र प्रभातफेरी निकाल्यो। त्यसमा 'गोरखा आजाद हुनै पर्छ, साम्राज्यवादीहरू एशिया छोड्, एशियायी एकता जिन्दावाद, मानव अधिकार पाउनै पर्छ' जस्ता साम्राज्यवाद विरोधी नाराहरू लगाइएको थियो। पञ्च वर्षीय नेपाल शीर्षक समाचारमा 'जनमुखी योजना नवनेसम्म जनताको हित हुन नसक्ने हुँदा योजनाको रूपरेखा हर तरिकावाट जनता समक्ष पुऱ्याइयोस् र जनताको सुझाव र संशोधनको कदर गरियोस्' भनिएको छ। 'खुद सरकारले कानुनको अपमान गरिरहेको छ' शीर्षक अन्तर्गत पाल्पा र प्युठानमा काङ्ग्रेसका ७ जना, मोहनविक्रम समेत अखिल नेपाल किसान सङ्घका कार्यकर्ताहरूलाई गिरफ्तार गरी राजद्रोह र सुरक्षा कानुनअन्तर्गत अभियोग लगाई थुनामा राखी सरकारद्वारा कानुनको अपमान गरेको आशयको समाचार प्रकाशित गरेको छ। यस्तै २०१२ माघ ८ मा प्रकाशित *वुटवल* साप्ताहिकमा मन्त्रिमण्डलको सम्भावना शीर्षकअन्तर्गत श्री ५ महेन्द्रवाट डिल्लीरमण रेग्मी, टङ्कप्रसाद आचार्य र नेपाली काङ्ग्रेसका विश्वेश्वरप्रसाद कोइरालालाई वोलाई वक्सेकोमा कोइराला अनुपस्थित हुँदा वार्ता सफल हुन नसकेको समाचार प्रकाशित भएको छ। यस्तै 'आजको कम्पनीको भाउ' शीर्षकको सूचनामा कम्पनी लिने १६.५ कम्पनी दिने १७.६ दर भाउ उल्लेख गरिएको छ! भारतीय रूपैयालाई उक्त समयमा कम्पनी भनिन्थ्यो। त्यस्तै २०१२ माघ १५ मा प्रकाशित एक साप्ताहिकले 'नेपालमा प्रत्यक्ष शासनको अन्त्य' शीर्षकमा मुख्य समाचार छापेको थियो। श्री ५ वाट ११ महिनादेखि चलिरहेको प्रत्यक्ष शासनको अन्त्य गर्दै टङ्कप्रसाद आचार्यको अध्यक्षतामा ७ सदस्यीय मन्त्रिमण्डलको गठन गरिएको र नवगठित मन्त्रिमण्डललाई सवै क्षेत्रवाट सहयोगको अपेक्षा गरिएको कुरा उक्त समाचारमा छापिएको छ।

त्यतिखेरका अधिकांश समाचारहरू प्रतिक्रियावाद र साम्राज्यवाद विरूद्ध शान्तिप्रिय जनताको पक्षमा अनि मानव अधिकारसँग सम्वन्धित हुन्थे। भाषागत हिसावले त्यति शुद्ध नभए पनि समाचारहरू निकै गहन, रोचक र सूचनामूलक हुन्थे। २०२२ सालतिर मोदनाथ प्रश्रितले *लुम्विनी सन्देश*को सम्पादन गर्न थालेपछि मात्र रूपन्देही जिल्लाको पत्रकारिताले भाषागत स्तरीयता कायम राख्न सफल रह्यो भने २०२७ सालतिर करुणानिधि शर्मा र लेखनाथ ज्ञवालीको सम्पादनमा भैरहवावाट प्रकाशित हुने *निष्पक्षध्वनि* (पछि विचार साप्ताहिक) भाषा र कलापक्ष दुवैमा स्तरीयता प्रदर्शन गर्न सक्षम रह्यो। त्यतिखेर 'कथा अरहरवारीको' जस्ता फिचर समाचार टिप्पणी प्रकाशित गरेर यहाँका जाली फटाहा विरोधी अभियानलाई निकै सघाएको थियो भने 'सामन्तलाई कुरूवाको माला' शीर्षकको समाचारले पर्रोहा काण्डका नाइके विरूद्ध जनता उतार्न र यहाँको किसान आन्दोलनलाई चर्काउन निकै वलियो सहयोग पुग्न गएको वताइन्छ।

२०३६ सालअघिसम्म पत्रिकाहरू पञ्चायती व्यवस्था विरोधी विषयहरू लेख्न डराए पनि स्थानीय पञ्च नेताका कमजोरीका आलोचना भने हुन्थ्यो। *लुम्विनी* दूतले भने पञ्चायती व्यवस्थाको पक्षमा वकालत गर्ने हुँदा यसका समाचार र लेखहरूमा पञ्चायत र पञ्च नेताका तारिफ नै भेटिन्थे। २०३५/०३६ सालतिर रूपन्देहीको

स्थानीय पत्रकारिता खासै सक्रिय थिएन। तर काठमाडौंवाट प्रकाशित हुने अखवारहरू जस्तै– *मातृभूमि, समीक्षा, अर्पण* आदिमार्फत रूपन्देहीका पत्रकारहरूले स्थानीय समाचारहरू सम्प्रेषण गरकै थिए। २०३९ सालपछि यहाँका अखवारको सङ्ख्यामा वृद्धि भयो र पत्रकारिता पनि विगतको तुलनामा फराकिलो वन्न थाल्यो। यसवखतको पत्रकारिताले पञ्चायत विरोधी राजनीतिक मिसन वोकेको थियो। जसमा राजनैतिक व्यक्तिहरूकै संलग्नता थियो। त्यसैले अखवारका विषयहरू पञ्चायतका विपक्षमा जनमत तयार गर्ने किसिमले प्रस्तुत गरिन्थे। सत्याग्रह, मई दिवस, नारी दिवस जस्ता विषयमा समाचार आउँथे। २०४०-०४३ सालका केही चुनावमा पञ्चायत विरोधीले पनि चुनावको उपयोग गरेका र केही व्यक्तिहरू राष्ट्रिय पञ्चायत सदस्य समेत वनेका थिए। तिनलाई जनपक्षीय प्रतिनिधि भन्ने गरिन्थ्यो। त्यस्ता नेताहरूले राष्ट्रिय पञ्चायत र अन्य ठाउँका कार्यक्रममा वोलेका कुरालाई रूपन्देहीका अखवारहरूले विशेष स्थान दिन्थे। अन्य पञ्च नेताहरूको भने आलोचना नै गरिएको हुन्थ्यो।

२०४७ सालपछि भने पत्रकारहरू आ-आफ्नो आस्थाको राजनीति गर्नथाले। आपसमा ध्रुवीकरण भयो। त्यसको छाप यहाँको पत्रकारितामा पनि देखियो। खासगरी काङ्ग्रेस र कम्युनिस्ट पार्टीका अन्ध समर्थन वा तीव्र विरोधमा यहाँको पत्रकारिता देखा पऱ्यो। तर यस किसिमको प्रवृत्तिमा विस्तारै कमी आउँदै गएको पाइन्छ। यहाँको अखवारहरूमा राजनीतिक प्रभावमुक्त वन्ने तरखरमा देखिन्छन्। राजनीति वाहेकका अन्य विविध विषयहरूले पनि स्थानीय अखवारमा महत्त्व पाउन थालेका छन्।

**पिछडिएका वर्गको समाचारः** प्रारम्भिक कालमा यस क्षेत्रको पत्रकारिताले जातीय विभेद, दलित र उत्पीडित वर्गका समस्याहरूलाई उजागर गरी औंल्याएको पाइँदैन। किनभने त्यतिखेर स्वयं दलितहरू पनि त्यति सङ्गठित थिएनन्। विभाजित अवस्था, हीनतावोध मनस्थिति र भाग्यवादमा नै वढी विश्वास गर्ने हुनाले त्यतिखेर तिनका समस्याहरू ओझेलमा पर्न गएका देखिन्छन्। समतामूलक समाजको स्थापनाका निमित्त दलित उत्पीडितहरू युगौंदेखि सङ्घर्षरत रहँदै आए पनि वहुदलीय व्यवस्थाको प्रादुर्भाव भएपछि मात्र यहाँका पत्रपत्रिकाहरूमा दलितहरूको समाचारले स्थान पाउन थालेका हुन्। वेलावखत यस क्षेत्रका पत्रिकाहरूमा प्रकाशित भएका दलित र उत्पीडित जातिका समाचार, लेख, टिप्पणी, वक्तव्य, अपील र सम्पादकीय निम्न शीर्षकअन्तर्गत प्रकाशित भएको पाइन्छन्।

दलितहरूको वुटवलमा राष्ट्रिय भेला, सहभोज र समता सप्ताहसहित जातीय समता समाजको राष्ट्रिय भेला सम्पन्न, हिन्दूधर्म ग्रन्थहरूमा मानव उत्पीडनका सन्दर्भहरू (हरि ज्ञवालीद्वारा कृतिको चर्चा), ३१ औं मुलुकी ऐन तथा दलित मुक्ति आन्दोलन दिवस सम्पन्न, स्याङ्जामा दलित जातिको दूधमाथि प्रतिवन्ध, जातीय विभेद रहे जवाफी आक्रमण हुने, स्याङ्जा उदियाचौर स्थित दूध काण्डको विरोधमा प्रेस वक्तव्य, स्याङ्जा दूधकाण्ड सदनमा, महाभारत दासयुगीन साहित्य, स्याङ्जामा वहुजातीय पूजा समारोह, दलित जातिको श्रम अयोग्य (पाल्पा तानसेनको घटना), कपिलवस्तुमा मुक्ति समाज जाग्दैछ, मुक्ति समाज सम्मेलनको अन्तिम तयारी,

'छुवाछूत आन्दोलन सामाजिक आन्दोलन हो,' जातीय मुक्ति आन्दोलन अभियानको खाँचो (सम्पादकीय)। राष्ट्रियसभाको उपाध्यक्षमा दलित उम्मेदवार जिताउन अपिल, दलित समाज भेदभाव र भेटघाट कार्यक्रम भैरहवामा, छुवाछूत विरूद्धको सञ्चार अभियान व्यापक तयारी (कमला कुँवर), जातीय विभाजनको अन्त्यका लागि संविधान संशोधन आवश्यक, छुवाछूत विरूद्ध सञ्चार अभियान राष्ट्रिय कार्यशाला गोष्ठी वुटवलमा, छुवाछूत विरूद्ध सञ्चार सक्रियता (सम्पादकीय), वुटवललाई छुवाछूत मुक्त क्षेत्र वनाउने घोषणा, जातिवाद विरूद्धको विश्व सम्मेलनमा भाग लिन नेपाली टोली डर्वान प्रस्थान, कलङ्कपूर्ण छुवाछूत प्रथा र मन्दिर प्रवेश, मुक्ति समाजको नगर भेला सम्पन्न, मुक्ति समाजको राष्ट्रिय भेला तयारी, दलित आयोगको गठन राष्ट्रिय सहमतिको आधारमा हुनुपर्ने, नेपालमा वर्ण व्यवस्था र संविधानको एक दशक- छविलाल विश्वकर्मा, दिशाहीन भएको छ नेपाली दलितहरूको आन्दोलन इत्यादि।

यस क्षेत्रमा दलित र उत्पीडित जातिका वारे कलम चलाउने शीर्ष पत्रकारहरूमा हरिप्रसाद ज्ञवाली, गोपीरमण उपाध्याय (महाभारत दासयुगीन साहित्य), विनोद पहाडी, दीपक विश्वकर्मा, छविलाल विश्वकर्मा, सन्तवहादुर नेपाली र महिला पत्रकार कमला कुँवर हुनुहुन्छ।

सुरुसुरुमा जनजातिका आवाज दविएर कुण्ठित रहेकोले छापामा पनि तिनका समाचार आउन सकेनन्। तत्कालीन समाजमा वाहुन क्षेत्री एवं सम्भ्रान्त वर्गको वाहुल्यता रहेको कारणले पनि यहाँका आदिवासी जनजातिले छापामा ठाउँ पाउन सकेनन्। झन् नेपालमा भएको २०१७ सालको राजनीतिक 'कु' ले यहांका जनजाति सङ्गठन र जनजातिले प्रयोग गर्ने भाषामाथि पनि यसको नकारात्मक प्रभाव पर्न गयो। नेपालका आदिवासी जातिका संस्कृति र तिनको मातृभाषा देशको धरोहर हो भन्ने कुरा नवुझेका शासकहरूले भाषा माथि पनि 'कु' गरेको कारण भित्रभित्रै दवेर रहेको जनजाति सङ्गठनका गतिविधि र भाषिक आन्दोलनवारेका समाचारहरू २०४६ सालको ऐतिहासिक जनआन्दोलन पछि मात्रै छापामा आउन थाले। जुन यहाँका पत्रपत्रिकाहरूमा यसरी प्रकाशित भएको पाइन्छ :-

नेपाल जनजाति महासङ्घद्वारा भाषिक समस्या र निराकरणका उपायहरू विषयक गोष्ठी - एक मार्गदर्शक, थारू भाषावारे एक जानकारी, तमुहरूको नववर्ष २५७७ ल्होसार शुभारम्भ, मुस्लिम सेवा समितिको दोस्रो साधारण सभा स्याङ्जामा १० हजार मुसलमान, प्रजातन्त्र, भाषा तथा जातीय प्रश्न-गतिशील सम्वन्धमा, 'न्हांघरी' को विमोचन, भैरहवा वहुमुखी क्याम्पसमा अध्ययनरत तमु परिवार, नेपालमा जातीय दङ्गा फसाद हुन सक्ने संभावना ? जनजाति महासङ्घको अपिल!, विश्व आदिवासी दिवस मनाइने, आदिवासीहरू सरकारवाट उपेक्षित, लखन थापा मगर अक्षयकोषको दोस्रो साधारण सभा, इत्यादि।

**वातावरणीय समाचारः** प्रारम्भिककालतिर वातावरण र पर्यावरण विषयमा कलम चलाउने पत्रकारहरू शून्यप्रायः नै थिए। त्यसैले वातावरण विषयले पत्रिकामा स्थान ओगटेको पाइंदैन। अहिलेको जस्तो वन विनाशको क्रम पनि कमै थियो त्यतिखेर।

वातावरण, प्रदूषण र पर्यावरणीय असन्तुलनवारे स्वयं पत्रकारहरू पनि अनभिज्ञ नै थिए। आगजनी र तिनाउ नदीको वाढप्रकोपवाट भएका दुर्घटना र जनधनको क्षति वारेका केही समाचारले स्थान प्राप्त गरे पनि वनडढेलो, नदीकटान, भू-क्षय र भू-स्खलनवारे रोकथामका उपाय, वायुमण्डलीय प्रभाव र खगोल विषयका समाचारले त्यति स्थान पाउन सकेका थिएन त्यतिवेला । यससम्वन्धी जनचेतना र जनजागरण पनि निकै कम थियो। नेपाल प्रेस इन्स्टिच्युट, वातावरण पत्रकार समूहजस्ता गैरसरकारी संस्था(एन.जि.ओ.)हरूको स्थापना, भू-संरक्षण विभागको सक्रियता र विश्व वातावरण दिवस जस्ता कार्यक्रमहरू राष्ट्रिय रूपमै मनाउन थालिएपछि मात्र मध्यकालतिर आएर यस क्षेत्रको पत्रकारितामा यस विधाले अलिअलि स्थान प्राप्त गर्न थालेको देखिन्छ। रूपन्देहीको पत्रकारितामा दैनिक जनसङ्घर्षले २०४७ साल माघ २४ गते देखि लगातार १५ दिनसम्म वन जङ्गलको विनाश रोक्नुपर्ने र वातावरण सन्तुलित राख्नुपर्ने वारे जनतामा चेतना जगाउन वातावरणसम्वन्धी अनुसन्धानात्मक लेख रचना एवं उपदेशमूलक विचारसहितको समाचार प्रकाशित गरी 'वन र वातावरण वचाउ' आन्दोलन सुरु गरेको पाइन्छ। वुटवलमा सर्वप्रथम वातावरण पत्रकारिता सुरु गर्ने पत्रिका दैनिक *जनसङ्घर्ष* नै हो भने पनि हुन्छ। हुन त *एक्सरे* साप्ताहिकले पनि आफ्नो विभिन्न अङ्कमा 'अन्नपूर्ण हिमालको काखमा वातावरण हुर्किरहेछ', 'इको सिस्टम'- अर्जुन ज्ञवाली, 'वातावरण विनाशमा रासायनिक मल', 'सवैलाई प्रभाव पार्ने वातावरणीय समस्या', 'वुटवलको प्रदूषित पानी र यसको वैकल्पिक उपाय', 'पर्यावरण सन्तुलनमा जीवजन्तुको भूमिका'-डोलाराम घिमिरे, 'वातावरण र प्रकृति'-हरिप्रसाद ज्ञवाली, 'वातावरण संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गरौं'-वसन्तध्वज जोशी, 'वन डढेलो नियन्त्रण खै?' 'वुटवलको सरसफाइ, स्वास्थ्य र वातावरणीय समस्या'-डोलाराम घिमिरे, 'खयरघारीको १५ मिटर क्षेत्रमा नदीकटान' जस्ता फिचर लेख, समाचार, टिप्पणी र यससम्वन्धी सम्पादकीय प्रकाशित भएको पाइन्छ।

**कार्टुन र फोटोको प्रयोगः** रूपन्देहीको पत्रकारिताको प्रारम्भिक कालमा कार्टुनचित्र ,फोटोव्लक प्रयोग भएको पाइँदैन। एकातिर व्यङ्ग्यचित्रकारहरूको अभाव, अर्कोतिर जिङ्कव्लक वनाउन भारतसम्म जानुपर्ने झन्झटको कारणले गर्दा त्यतिखेर कार्टुन र फोटोव्लक पत्रिकामा प्रयोग हुँदैनथ्यो। २०२३ सालतिर मोदनाथ प्रश्रितको सम्पादनमा निस्केको *लुम्विनीसन्देश* साप्ताहिकमा एकाध कार्टुनहरू छापिएका पाइन्छन्। धोती लगाएको लट्टाधारी जोगीको पृष्ठ भागको चित्र कोरेर, उरन्ठ्यौला केटाहरूले 'ए मैयाँ! कोर्के पनि नहेर्ने!' भनी केटी जिस्काइरहेको अवस्थाको त्यतिखेर काठमा खोपिएको कार्टुन तत्कालीन अवस्थाको निकै रोचक र युवा चरित्रचित्रणसहितको विनोदपूर्ण व्यङ्ग्यचित्र मानिन्छ। मोदनाथ प्रश्रित आफै एक सफल चित्रकार र कलाकार हुनुहुन्थ्यो। उहाँ सानोतिनो हाते (काठे) व्लक आफैं वनाउनु हुन्थ्यो। मध्यकाल (२०३६ सालपछि) तिर भने पत्रिकामा फोटोव्लक छाप्ने प्रचलन निकै मात्रामा वढेको पाइन्छ। समाचार सँगसँगै समाचारलाई पुष्टि गर्ने फोटो व्लक पनि छापिएको पाइन्छ। यतिवेला सूचना विभागद्वारा राजारानी र मन्त्रीहरूका फोटोव्लकहरू पनि निःशुल्क वितरण

गरिन्थे। स्वदेशमै पनि यतिखेर जिङ्कव्लक वनाउने उद्योगहरू स्थापना भैसकेका थिए। यता केही वर्षदेखि पत्रकार पं. वावुराम भट्टराई यस क्षेत्रको कार्टुनिस्टको रूपमा देखा पर्नु भएको छ।

**समाचार स्रोतः** त्यतिखेर अखवारमा छापिने समाचारको मुख्य स्रोत भनेको रेडियो, *गोरखापत्र, दैनिक आज, नवभारत टाइम्स* थिए भनेपछि गएर रासस वुलेटिन पनि समाचारको स्रोत वन्न पुग्यो। अहिलेको जस्तो टेलिफोन, फ्याक्स र इ-मेलको व्यवस्था थिएन उतिवेला। हुलाकवाट पत्र आइपुग्न पनि हप्तौं लाग्थ्यो। पत्र-प्रतिनिधि, सम्वाददाताहरू हुँदैनथे। साथीभाइ, इष्टमित्र र काठमाडौंमा पढ्न वसेका विद्यार्थीहरूले हुलाकवाट पठाएका समाचार र अखवारका कटिङ्गहरू कछुवाको गतिमा ढिलै प्राप्त भए पनि अखवारका विषयवस्तु वन्थे। २०३०/०३१ सालतिर भैरहवा-काठमाडौं हवाईढुवानी सेवा ( air document service ) सञ्चालन भएपछि मात्र यहाँ समाचार सङ्कलन र सम्प्रेषणको राम्रो संयन्त्र वन्न सक्यो। पछि गएर कुरियर सर्भिसले यसको ठाउँ लिन थाल्यो।

आधुनिक सञ्चार तथा सूचना प्रविधिको मद्दत लिएर राष्ट्रिय आम सञ्चार माध्यमहरूका साथै सार्वजनिक संस्था र निकायहरूलाई सुलभ ढङ्गले सार्वजनिक महत्त्वका सूचना र समाचार उपलब्ध गराउने उद्देश्यका साथ निजी स्तरमा न्यूज एजेन्सीको काम गर्ने संस्था 'हिमालयन समाचार समिति' (हिसस) वुटवलमा २०५५।१०।१८ मा दर्ता भयो। यस संस्थाले स्थापना भएको लगत्तै २०५५ साल फागुन ३० गते 'अदालती समाचारको प्रस्तुतिः समस्या एवं चुनौती' विषयक एक दिने सेमिनार कानुन व्यवसायी र पत्रकारहरूको सहभागितामूलक उपस्थितिमा वुटवलमा सम्पन्न गरेको थियो।

## व्यवस्थापन, जनशक्ति र बजार

**सञ्चालकहरूको पृष्ठभूमिः** प्रारम्भिककालतिरका अखवारहरूमा प्रकाशक र सम्पादक अलगअलग हुने गर्थे। जस्तै २०१२ सालमा प्रकाशित हुने *वुटवल* साप्ताहिकको प्रकाशकमा पश्चिम नेपाल युवक सङ्घ, २०१८ सालमा प्रकाशित *लुम्बिनी* साप्ताहिकको प्रकाशकमा सीताराम द्विवेदी र २०२२ सालमा प्रकाशित *लुम्विनी* साप्ताहिकको प्रकाशकमा लुम्विनी अञ्चल पञ्चायत रहेको पाइन्छ भने मध्यकालतिरका पत्रिकाहरूमा सम्पादक र प्रकाशकहरू एकै व्यक्ति रहेको पाइन्छ। २०४४ सालतिरको कुरा हो रामचन्द्र भट्टराई, कर्णवहादुर कार्की र शशि पौडेलको संयुक्त प्रयासमा भैरहवावाट प्रकाशित हुने *समालोचना* साप्ताहिकलाई दैनिकमा परिवर्तन गरी ज्वालामुखी प्रेस वुटवलवाट निकाल्ने जमर्को गरियो। तर ५-१० अङ्क निस्केपछि यसमा कार्यरत सम्पादक/प्रकाशकहरूको राजनीतिक आस्था भिन्नभिन्न हुनाको कारण यसमा प्रकाशित एउटा समाचारलाई लिएर पत्रिकाको सङ्घीय संरचना नै भताभुङ्ग हुनपुग्यो। रामचन्द्र भट्टराई र शशि पौडेल नेकपा माले समर्थक हुनुहुन्थ्यो भने कर्णवहादुर कार्की त्यतिखेर नेकपा मसालको कट्टर समर्थक हुनुहुन्थ्यो।

तत्कालीन अवस्थामा मसालको लाइन पञ्चायती चुनाव वहिष्कार गर्नु थियो भने मालेको जनपक्षीय उमेदवार उठाई पञ्चायती चुनावलाई उपयोग गर्ने लाइन थियो। त्यसवखत उक्त दैनिकमा छापिएको समाचार यस्तो थियो:- 'अर्घाखाँचीमा जनपक्षीय उमेदवारको जित निश्चित डा. विसीभन्दा गुणनिधि भुसाल निकै अगाडि'। अव के थियो। यसैमा मनमुटाव सुरु भैगयो। राजनीतिक मतभिन्नताका कारण सो पत्रिका सधैंको लागि वन्द भयो। यसपछि २०५० सम्म पनि पत्रकारहरू सङ्गठित भएर सामूहिक रूपले संस्थागत रूपमा पत्रिका सञ्चालन गरेको देखिएन। २०५१ सालतिर भैरहवामा करुणानिधि शर्मा, नारायण सापकोटा र टङ्कप्रसाद काफ्लेको संयुक्त प्रयासमा यथार्थ प्रकाशन प्रा.लि. गठन गरी केही महिनासम्म *यथार्थ* दैनिक पत्रिका वुटवलवाट प्रकाशित गर्न सफल रहे पनि यो दिगो रहन सकेन। २०४१ सालतिरको कुरा हो भैरहवावाट प्रकाशित हुने *प्रतिमान* साप्ताहिकका सम्पादक तथा प्रकाशक वामदेव पहाडी पत्रिकासम्वन्धी सम्पूर्ण काम आफू र आफ्नै परिवारद्वारा गराउनु हुन्थ्यो। उहाँ रातभरि समाचार लेख्नु हुन्थ्यो, विहान प्रुफ पनि आफैं हेर्नु हुन्थ्यो, छोराले मेटर कम्पोज गर्ने र छाप्ने काम गर्थे भने श्रीमतीले पत्रिका फोल्डिङ्गको (भाँच्ने) काम गर्नु हुन्थ्यो। यहाँसम्म कि पत्रिका वाँड्ने काम पनि वावुछोरा आफैं गर्थे। यो रूपन्देहीको एक स्वाभिमानी पत्रकारको एउटा यथार्थ कथा हो।

पत्रकारिताको क्षेत्रमा रूपन्देही जिल्ला काठमाडौंपछिको दोस्रो क्षेत्र मानिन्छ। अहिले रूपन्देही जिल्लाको पत्रकारिताले लेटर प्रेसको युगवाट फड्को मारेर आधुनिक युगको अफसेट प्रविधिमा प्रवेश गरेको छ। रूपन्देहीमा सर्वप्रथम छापा प्रविधिको विकसित रूप कम्प्युटरयुक्त अफसेट मुद्रण प्रविधि भित्र्याउने पत्रकार कर्णवहादुर कार्की हुन्। कम्प्युटरयुक्त अफसेट प्रेसमा मुद्रित दैनिक *लुम्विनी*ले यहाँको पत्रकारिताको इतिहासमा एउटा ठूलै हलचल ल्यायो। दैनिक *लुम्विनी*ले रूपन्देहीमा व्यावसायिक पत्रकारिताको थालनी गऱ्यो। यसपछि मात्र दैनिक *जनसङ्घर्ष* मिडिया विकास कोषको ऋण सहयोगमा हाइटेक प्रकाशन प्रा.लिको नयाँ व्यवस्थापनअन्तर्गत प्रकाशित हुन थाल्यो। विगतमा *जनसङ्घर्ष* एमालेको मुखपत्रको रूपमा रहेको थियो। तर अहिले *जनसङ्घर्ष* कुनै एक पार्टी विशेषको मुखपत्र नवनी पूर्ण व्यावसायिक रूपले पत्रकारिता गर्ने अभिप्रायले अभिमुख भएर अगाडि वढिरहेको छ। यसैक्रममा २०५८ कार्तिकदेखि दैनिक जनसङ्घर्षले आफ्नो प्रकाशन व्यवस्थापनमा निकै ठूलो परिवर्तन गरेको छ। जसअनुसार एमाले निकट रहेको मानिने यसका प्रधान सम्पादक वालकृष्ण चापागाईंलाई सो पदवाट हटाइएको छ। दैनिक जनसङ्घर्षको व्यवस्थापन पक्षमा हाल प्रकाशन समूहको हस्तक्षेप वढेर गएको देखिन्छ। नेकपा मसालको मुखपत्रका रूपमा चिनिएको *नयाँ दिशा* र नेपाली काङ्ग्रेसको पार्टी पत्रिका गर्ने दैनिक *चौतारी*ले पनि अफसेट मुद्रण प्रविधिमा फड्को मारेर आफूलाई समयानुकूल वनाउन खोजेको छ। यस्तै डी. आर. घिमिरेको सम्पादनमा गतवर्षदेखि वुटवलवाट निरन्तर रूपमा प्रकाशनरत *मेचीकाली सन्देश* नेकपा एमाले समर्थित पत्रिका भएर पनि यसले आफ्नै पहिचान वनाएर पाठक समक्ष स्थापित हुन पुगेको छ।

हकर राखेर वजारवजारमा अखवार विक्री गर्नेदेखि लिएर एकाविहानै नियमित रूपमा घरघरमा पत्रिका पुऱ्याउने सेवाकार्यसमेत यस क्षेत्रमा दैनिक *लुम्बिनी*ले शुभारम्भ गरेको हो। विगतमा पत्रिका किनेर पढ्ने मान्छेको वानी नै थिएन। रू ८।- तिरेर वार्षिक ग्राहक वन्नु त परै जाओस्, -।०६ पैसा तिरेर पत्रिका किन्ने मान्छे पनि ज्यादै कम थिए वुटवलमा। यो २०१२ सालदेखि २०१८ सालतिर अर्थात् आजभन्दा ४६ वर्षअधिको वुटवलको पत्रकारिताको यथार्थ कथा हो। पत्रिकापसलमा सित्तैमा पत्रिका पढ्ने वानी थियो अधिकांश पाठकहरूको। यस्ता सित्तैमा पत्रिका पढ्ने वानी लागेका पाठकहरूको वानी छुटाउन २०४०/४१ तिर पत्रकार विनयकुमार कसजूले व्यङ्ग्यात्मक शैलीमा पटकपटक यस्तो विज्ञापन प्रकाशित गर्नु परेको थियो:- 'पत्रिका मागेर होइन किनेर पढ्ने वानी वसालौं।'

**मुद्रण प्रविधि:** प्रारम्भिक कालमा यस भेगमा निर्मल प्रेस र लुम्बिनी प्रेस नामका दुईओटा छापाखाना मात्र थिए। सुरुसुरुमा त सानोतिनो छपाइ कार्यको लागि पनि भारतको उत्तरप्रदेश गोरखपुरसम्म धाउनु पर्थ्यो। प्रशस्त टाइप लेटरको अभाव, कोटेसन, क्वार्ज, स्पेस, हाफ एम, लेड जस्ता सानातिना उपकरणको कमीले निकै दुःख दिन्थ्यो। ९ वाई १३, १० वाई १५ साइजका दुई पेज अखवार एकै पटक छाप्न निकै धौधौ पर्थ्यो र एकएक पेज गरी छाप्नु पर्थ्यो। अहिलेको जस्तो विद्युत् सेवा पनि उपलव्ध थिएन त्यतिखेर। ढेव्री र लालटेनका भरमा रातभरि ढिकी कुटे जस्तो खुट्टे प्रेस (ट्रेडिल प्रेस) चलाएर ५०० देखि ७०० को सङ्ख्यामा ४ पन्ने पत्रिका निस्कन्थ्यो विहानभरिमा। कहिलेकाहीं त मेसिनवाट मेटर कसेको फर्मा खसेर अखवार अधकल्चो हुन्थ्यो। दिनभरि जसो खसेका अक्षर टाइपकेसमा डिस्पोज गरी फेरि कम्पोज गर्दा झमक्क साँझ परिसक्थ्यो। हेल्परले चक्का घुमाई मेसिनम्यानको घाइते खुट्टाले पुनः वाँकी अखवार छापेर झण्डै १० दिनको वासी अखवार वजारमा पुग्थ्यो। न्युजप्रिन्टको समस्या त थियो नै, एक दुई रिम न्युजप्रिन्ट लिन पनि भैरहवा पुग्नुपर्थ्यो। भैरहवामा नपाइए गोरखपुर धाउनु पर्थ्यो। अहिले जस्तो नेसनल ट्रेडिङ्ग लि. को सुविधा थिएन। टन्न कागज स्टक राख्न सक्ने हैसियत पनि कुनै प्रकाशकको थिएन।

**जनशक्ति:** यस जिल्लाको पत्रकारिताको इतिहासमा नेवार, वाहुन क्षेत्रीको वाहुल्यता रहिआएको छ। यस जिल्लाको पहिलो जनजाति पत्रकार स्व. प्रतापकुमार भट्टचन हुनुहुन्छ। श्यामसुन्दर गुप्ता, श्रीकृष्णलाल श्रीवास्तवले तराईवासीहरूको प्रतिनिधित्व गर्नुहुन्छ भने मीनवहादुर श्रीस, गिरी शिरिष यस क्षेत्रका स्थापित जनजाति पत्रकारका नाम हुन्।

पत्रकारिता क्षेत्रमा महिलाहरूको सहभागिता राष्ट्रिय रूपमै न्यून रहेको अवस्थामा पनि २०४७/२०४८ मा भैरहवावाट *नेपाल साप्ताहिक* पत्रिका प्रकाशन गरी सीता कोइरालाले यस क्षेत्रको प्रथम महिला सम्पादक तथा प्रकाशक वन्ने सौभाग्य प्राप्त गर्नु भएको छ। यसैगरी २०५२/०५३ तिर भैरहवावाट करुणानिधि शर्माको सम्पादनमा प्रकाशित हुने *विचार* साप्ताहिकको प्रकाशक रहनु भएका श्रीमती शोभा

शर्मा यस जिल्लाको दोस्रो महिला प्रकाशकको रूपमा रहनु भएको छ। यस जिल्लामा व्यावसायिक रूपले निरन्तर रूपमा पत्रकारिता गर्ने महिला पत्रकारको नाम कमला कुँवर हो। रूपन्देहीमा पत्रकारितालाई पेसा वनाएर लागिपर्ने उहाँमात्र एक सशक्त महिला पत्रकार हुनुहुन्छ भन्दा फरक नपर्ला। जिल्लाका अन्य महिला पत्रकारहरूमा श्रीमती दुर्गा पौड्याल, श्रीमती सुशीला प्रधानाङ्ग र हुमकुमारी पाण्डेको नाम अग्र पङ्क्तिमा आउँदछ। दलित जातिवाट पत्रकारितामा लागेकाहरू थोरै छन्। विनोद पहाडी, दीपक विश्वकर्मा, एम.वी. विश्वकर्मा, सन्तवहादुर नेपाली दलित जातिका हुनुहुन्छ।

**तालिम प्रदायक संस्था:** विगतका वर्षहरूमा यस जिल्लामा पत्रकारिता विषयक तालिम दिने स्कूल, कलेज र शिक्षण संस्थाहरू थिएनन्। त्यतिखेर तालिम प्राप्त पत्रकारहरू पनि कोही थिएनन्। तत्कालीन अवस्थामा यस जिल्लामा एसएलसीदेखि एमएसम्मका शैक्षिक योग्यता भएका पत्रकारहरू विभिन्न कालक्रममा संलग्न देखिए तापनि पत्रकारिता विषयमा नै स्नातकोत्तर गरी पत्रकारिता गर्ने यस जिल्लाका एकमात्र पत्रकार जयन्त भट्टराई मानिनु हुन्छ। उहाँले २०४५/०४६ सालतिर तत्कालीन सोभियत सङ्घवाट पत्रकारिता विषयमा डिग्री हासिल गर्नु भएको थियो। उहाँले यस जिल्लावाट प्रकाशित हुने *एक्सरे* साप्ताहिक र दैनिक *लुम्विनी*वाट आफ्नो पत्रकारिताको यात्रा सुरु गर्नु भएको थियो। हाल यस क्षेत्रमा पत्रकारिता विषयको अध्ययन, अनुसन्धान तथा निजी क्षेत्रवाट पत्रकारितासम्वन्धी प्रशिक्षण (तालिम) दिने संस्थाको रूपमा 'प्रेस एकेडेमी वुटवल' नामक संस्था कार्यरत छ।

**विज्ञापनको अवस्था:** विगतमा यहाँ उद्योगधन्दा तथा कलकारखानाहरूको सङ्ख्या नगण्य नै थियो। विज्ञापन दिन सक्ने व्यापारीहरू पनि कमै थिए। सरकारी सूचना विज्ञापनहरू *गोरखापत्र* वाहेक निजी क्षेत्रका पत्रपत्रिकाहरूले पाउँदैनथे। अहिले जस्तो वधाइ ज्ञापन, समवेदना र श्रद्धाञ्जलि जस्ता विज्ञापन दिने प्रचलन पनि थिएन त्यतिखेर। त्यसैले पत्रिका चलाउनु निकै दुरुह थियो। खुला सिमाना र पश्चिमाञ्चल क्षेत्रको मुलद्वारको रूपमा रहेको यस क्षेत्र भारतीय उत्पादन विक्री वितरणको मुख्य वजार वनेको थियो। त्यसैले वरू त्यतिखेर भारतीय उद्योगका केही स्थानीय डिलरहरूवाट प्राप्त एकाध विज्ञापनहरू रूपन्देहीको जेठो पत्रिका वुटवल साप्ताहिकमा २०१२ साल माघ १ वर्ष १ सङ्ख्या ७, माघ ८ सङ्ख्या ८ र माघ १५ सङ्ख्या ९ मा लगातार निम्नानुसार प्रकाशित भएको पाइन्छ– 'नक्कलीवाट सावधान' वम्वै कलर एजेन्सी (सैदपुर, गान्धिपुरको पुडियावाला असली छाता छाप रङ्ग र रोगनलाई सधैं व्यवहार गर्नु होला। छाता छाप रङ्ग एक पुडियाले ६ गज मोटा कपडा सजिलैसँग रङ्गिन्छ।) – वलेश्वरराम गणेशराम, वुटवल वजार। नक्कलीदेखि सावधान, 'सर्वोदय सावुन' वनारस केमिकल फैक्ट्री, वनारस – २, 'स्वादिलो र ताकतदार वालक, वुढा र विरामीहरूको अमूल्य खाद्य 'डालमियाँको डिलक्स विस्कुट' संधैं खानुहोस्। सवै दुकानहरूमा पाइन्छ। यी भए प्रारम्भिककालका कुरा। मध्यकाल (२०३६-२०४५) तिर

यस क्षेत्रमा वुटवल औद्योगिक क्षेत्र, वुटवल डेरी प्रोडक्ट्सको स्थापनापश्चात औद्योगिक उत्पादनको वजार र उद्योग स्थापनाको प्रचार प्रसारका लागि पनि अपेक्षाकृत रूपमा केही विज्ञापनहरू उपलव्ध हुन थाले। यस अवधिमा पनि अञ्चलाधीशको मातहतमा रहेको खेलकुद समितिको निजकै तजविजले दिइने शुभकामना विज्ञापन वाहेक सरकारी कार्यालयका सूचना विज्ञापनहरू शून्यप्रायः नै थिए। तर पञ्चायती गुनगान गाउने चाटुकार र सरकारी भाट पत्रकारहरूले भने सूचना विभाग, उद्योग विभाग र गृह मन्त्रालयको हण्डी समेत नियमित रूपमा पाइ राखेकै थिए।

२०४६ सालसम्म पनि यस जिल्लामा कार्यालय प्रशासनसम्वन्धी सूचना, सङ्गठित तथा स्वशासित सङ्घ-संस्थाहरूको प्रगतिविवरण र कल्याणकारी विज्ञापनको प्राप्ति शून्यप्रायः नै थियो भने पनि हुन्छ। त्यतिखेर यहाँका समाचारपत्रहरूमा केवल नव वर्षको शुभकामना, राजारानीका शुभजन्मोत्सव, प्रजातन्त्र दिवस, सम्विधान दिवस र पृथ्वीजयन्ती जस्ता पर्व शुभकामना लगायत व्यापारीहरूका सानातिना प्रचार विज्ञापन तथा यातायात विज्ञापन मात्र वडो मुस्किलले पाइन्थ्यो। विज्ञापनको दर रेट रू. २५ देखि वढीमा रू. १५० सम्म हुने गर्थ्यो। त्यसैमा पनि केही कार्यालयमा त भ्रष्ट सुव्वा र लेखापालले कमिसन नखाई विलको भुक्तानी नै दिँदैनथे। केही चाटुकारहरूले भने यस्ता विज्ञापनहरू सहज तरिकाले पाउँथे। यस्तै विज्ञापनको भुक्तानीसम्वन्धी चक्करमा परेर हैरान परेका यस क्षेत्रका दिग्गज पत्रकार स्व. वामदेव पहाडीले कैयन पटक आफ्नो *प्रतिमान* साप्ताहिकमा यस्तो सूचना प्रकाशित गर्नु परेको थियो:- 'एक पैसा कमिसन नख्वाई छपाइ गर्ने एक मात्र भरपर्दो ठाउँ:- राजु प्रिन्टर भैरहवा-३।' *प्रतिमान* साप्ताहिक यतिखेर यसै प्रेसवाट निस्कन्थ्यो।

त्यतिखेरका मुख्य विज्ञापनदाताहरूमा जिल्ला पञ्चायत रूपन्देही, महेन्द्र सुगर मिल, यातायात मजदुर भलाइकोष, वस तथा मिनी वस व्यवसायी समिति, सिद्धार्थनगर नगर पञ्चायत, वुटवल डेरी प्रोडक्ट्स प्रा.लि., वुटवल टेक्निकल इन्स्टिच्युट, गोवर ग्याँस तथा कृषियन्त्र विकास प्रा.लि., वुटवल प्लाइउड फैक्ट्री, वुटवल इञ्जिनियरिङ् वर्क्स, आनन्दवन गाउँ पञ्चायत, वुटवल नगर पञ्चायत, लुम्विनी अञ्चल अस्पताल वुटवल, नेपाल राष्ट्र वैङ्क भैरहवा, नेपाल वैङ्क लिमिटेड केन्द्रीय कार्यालय काठमाडौं, शाही नेपाल वायु सेवा निगम आदि थिए। प्रकाशनको निश्चित वर्ष र अङ्क पुगेका पत्रिकाहरूलाई काठमाडौंस्थित शिवाकोटी एडभरटाइजिङ्ग एजेन्सी, मिडिया वर्ल्ड विज्ञापन सेवा, आयाम विज्ञापन सेवा जस्ता विज्ञापन एजेन्सीहरूमार्फत विज्ञापन उपलव्ध हुन थाले। देशमा वहुदलीय व्यवस्थाको प्रादुर्भाव भएयता अपेक्षाकृत रूपमा यहाँका दैनिक पत्रिकाहरूमा वैङ्कहरूको लिलामी सूचना, भैरहवा लुम्विनी भूमिगत जलस्रोत परियोजना, कपिलवस्तु नलकूप आयोजना, सडक विभाग, नेपाल दूरसञ्चार संस्थान, नेपाल विद्युत् प्राधिकरण जस्ता सरकारी संस्था तथा आयोजनाहरूका सूचना विज्ञापन आउन थाले। २०४६ सालदेखि यता उद्योगका उत्पादनको प्रचारप्रसार गर्ने, व्यापार व्यावसायको प्रचार प्रसार गर्ने किसिमका विज्ञापन पत्रिकामा प्रशस्तै आउन थाले। व्यक्तिगत विज्ञापनहरू जस्तै शुभकामना, समवेदना, वधाइ आदि पनि विज्ञापनका

रूपमा अखवारमा प्रकाशित हुन थाले। फलस्वरूप यस जिल्लामा दैनिक पत्रिकाहरू निरन्तर रूपमा फस्टाउन थाले भने दैनिक पत्रिकासँग प्रतिस्पर्धामा उत्रन नसकी अधिकांश साप्ताहिक पत्रिकाहरू क्रमशः वन्द हुन पुगे। रूपन्देही जिल्ला अद्यापि दैनिक पत्रिकाको लागि सिर्जनशील उर्वरभूमि सिद्ध भएको छ।

## पत्रकारिता र प्रतिशोध

**प्रशासनको वक्रदृष्टिः** यस क्षेत्रको पत्रकारिताको कुरा गर्दा स्व. प्रतापकुमार भट्टचनको नाम नलिइरहन सकिन्न। त्यतिखेर दैनिक *निर्णय*को वजार निकै गरम थियो। वेलावखत रेडियो पेकिङ्गले नेपाली कार्यक्रममा यसको सम्पादकीय उद्धृत गर्ने गर्दथ्यो। चिनीमा कालो वजारका समाचार छापेर अञ्चलाधीश कार्यालयमा स्पष्टीकरण दिन जानु पर्ने, श्री ५ को ५ अङ्क छुटेर राजकाजको मुद्दा खेप्नुपर्ने, प्रेसै जफत हुने र हजारौंको दण्ड विगो तिर्नुपर्ने जस्ता कुराहरू सामान्य प्रसङ्ग थिए। २०२२/२३ सालमा लुम्विनी अञ्चल पञ्चायतको मुखपत्र रहेको *लुम्विनी सन्देश* साप्ताहिकमा 'अञ्चलाधीश कार्यालयमा फाटेको झण्डा' शीर्षकको समाचार छाप्दा मोदनाथ प्रश्रितलाई सम्पादकवाट निलम्वित गरिएको थियो। २०३६ साल फागुनमा त्रिभुवन जयन्ती तथा प्रजातन्त्र दिवसको उपलक्ष्यमा लगाइने मेलासम्वन्धी एक पर्चामा श्री ५ त्रिभुवनको 'व' छुट्न गै त्रिभुन मात्र भैदिंदा *एक्सरे* साप्ताहिकका सम्पादक वसन्तध्वज जोशी माथि तत्कालीन अञ्चलाधीश मनमोहन मिश्रद्वारा राजकाज तथा छापाखाना प्रकाशन ऐन अन्तर्गत मुद्दा चलाइएको थियो। प्रशासनको यस कार्यविरूद्ध रूपन्देही जिल्लाका करिव १ दर्जन वकिलले पत्रकार श्री जोशीको पक्षमा वहस पैरवी गरी तारेखमा छुटाएका थिए।

**गाली वेइज्जती मुद्दाः** पत्रपत्रिकामा प्रकाशित सामग्रीहरूलाई लिएर सम्पादक/प्रकाशकहरू विरूद्ध अदालतमा गाली वेइज्जती मुद्दा पनि वेलावखत दायर गर्ने गरेको पाइन्छ। तत्कालीन वुटवल नगर पञ्चायतका प्रधानपञ्च हरिवहादुर सिंहले 'मालाथिन प्रयोगमा भ्रष्टाचार' शीर्षकमा आफ्नो सामाजिक प्रतिष्ठामा आघात पुग्ने किसिमको भ्रामक समाचार २०४३ असोज ५ गतेको अङ्कमा प्रकाशित गरेको भनी वुटवलवाट प्रकाशित हुने *एक्सरे* साप्ताहिकका सम्पादक तथा प्रकाशक वसन्तध्वज जोशीका विरूद्ध रूपन्देही जिल्ला अदालतमा मुद्दा दायर गरेका थिए (प्रेस काउन्सिल २०४५)।

त्यस्तै, २०४९ साल श्रावण २० गते वुटवलवाट प्रकाशित हुने दैनिक *लुम्विनी*मा प्रकाशित एक समाचारलाई लिएर अदालतको मानहानि भयो भनी उक्त पत्रिकाका सम्पादक तथा प्रकाशक कर्णवहादुर कार्की लगायत सल्लाहकार दिल साहनी तथा पत्रकारद्वय डोलाराम घिमिरे र नारायण पौडेल समेतलाई विपक्षी वनाई अधिवक्ता भोलावहादुर सिंहले कपिलवस्तु जिल्ला अदालतमा मुद्दा दायर गर्नु भएकोमा उक्त अदालतले अदालतको अपहेलना गरेको ठहऱ्याई सम्पादक/प्रकाशक कार्कीलाई दस रूपैयाँ जरिवाना गरी अन्यलाई सफाइ दिएको पाइन्छ (हिमालय टाइम्स २०५२)।

वुटवलवाट प्रकाशित हुने दैनिक *लुम्विनी*को २०५०।४।२९ गते प्रकाशित एक समाचारले आफ्नो गाली वेइज्जती भयो भनी भैरहवावाट प्रकाशित हुने *मुक्तिसन्देश* पाक्षिकका सम्पादक तथा प्रकाशक नारायण सापकोटाले रूपन्देही जिल्ला अदालतमा दायर गर्नु भएको मुद्दामा गाली वेइज्जती भएको ठहर गरी जिल्ला अदालतले सो पत्रिकाका सम्पादक कर्णवहादुर कार्की र समाचार लेखक गोपीरमण उपाध्यायलाई रू ५१।– जरिवाना तथा रू पाँच सय क्षतिपूर्ति वापत तिर्नुपर्ने फैसला गरेको थियो (प्रेस काउन्सिल नेपाल २०५३)।

**कुटपिट तथा अभद्र व्यवहारः** पत्रिकामा प्रकाशित समाचारहरूलाई लिएर सो समाचार प्रेषित गर्ने पत्रकारहरूले समयसमयमा धम्की तथा आक्रमणको सामना गर्नु परेको पाइन्छ। वुटवलका पत्रकार रामेश्वर भट्टमाथि साँझको समयमा केही हुल्याहा व्यक्तिहरूले आक्रमण गरी घाइते वनाएका थिए। आक्रमणवाट भट्टको टाउको, आँखा र निधारमा गम्भीर चोट लागेको थियो। आक्रमण गरिनुको स्पष्ट कारण नखुलेको र आक्रमणकारीहरू तत्कालै भागेको समाचार *कान्तिपुर* दैनिकमा 'पत्रकार माथि हमला' शीर्षकमा छापिएको थियो (कान्तिपुर २०५२)। भैरहवावाट प्रकाशित हुने दैनिक निर्णयका सम्पादक गोपीरमण उपाध्यायलाई सार्वजनिक स्थानमा कुटपिट गरिएकाले सो कुटपिट गर्ने व्यक्तिहरूमाथि कारवाही गर्न वुटवलका ११ जना पत्रकारले एक संयुक्त वक्तव्य प्रकाशित गरेको समाचार *समाज* दैनिकले छापेको थियो (प्रेस काउन्सिल नेपाल २०५१: २८)।

वुटवलमा आयोजित 'वाल सुन्दरी' प्रतियोगिताको समाचार सङ्कलनकालागि पुगेका सुमन अधिकारी, दीपक ज्ञवाली, वसन्त पोखरेल, वावुराम ढकाल, विनोद पहाडी लगायतका पत्रकारहरूमाथि प्रतियोगिताको विरोध गरिरहेका प्रदर्शनकारीको फोटो खिच्न लाग्दा प्रहरीद्वारा अभद्र व्यवहार गरिएको थियो। प्रहरीको अभद्र व्यवहारको भर्त्सना गर्दै नेपाल पत्रकार महासङ्घ रूपन्देही शाखाले संलग्न प्रहरीमाथि कार्वाहीको माग राखी जिल्ला प्रहरी कार्यालय र क्षेत्रीय प्रहरी इकाइ कार्यालयमा ज्ञापनपत्र वुझाएको थियो (कान्तिपुर २०५४)। यसै गरी नेपाल पत्रकार महासङ्घ, रूपन्देहीका उपसभापति माधवकुमार नेपाल समाचार सङ्कलनको क्रममा हिंडिरहेको वेला इलाका प्रहरी कार्यालय वुटवलका प्रहरी निरीक्षक दीपेश लोहनीले अभद्र व्यवहार गर्नुका साथै विनाकारण ट्राफिक कार्यालयमा नजरवन्द गरेको थियो (गोरखापत्र २०५४)। त्यसैगरी *मेचीकाली सन्देश*का सम्वाददाता रामकृष्ण भण्डारीलाई २०५८ वैशाखमा लउडाकाण्डको विरोधमा निस्केको जुलुसको रिपोर्टिङका क्रममा प्रहरीद्वारा निर्घात रूपमा पिटिएको थियो।

## निष्कर्ष

नेपालका वहुसङ्ख्यक पत्रकारहरू राजनीतिमा संलग्न भएको पाइन्छ। २०४६ सालसम्मको पत्रकारिता प्रजातान्त्रिक आन्दोलनसँग जोडिएको थियो भने त्यसदेखि यता आएर खासगरी पार्टी पत्रकारिताले स्थान लिएको पाइन्छ। २०४६ सालको

जनआन्दोलन पश्चात् देशमा राजनीतिक परिवर्तन आए पनि पत्रकारहरूको राजनीति गर्ने मानसिकतामा भने कुनै परिवर्तन आएको पाइएन। समय सापेक्ष मनस्थितिमा परिवर्तन नआउँदा पार्टीको झण्डा र पत्रकारिताको पेशा सँगसँगै डोरिएको देखिन्छ। रूपन्देहीमा जे जति अखवारहरू अहिले प्रकाशित भएका छन् यी अखवारहरू विगतमा कुनै न कुनै राजनीतिक दलसँग सम्वन्धित थिए।

आजको डेढ दुई दशकअघि यहाँको पत्रकारिता निकै जटिल र सङ्कटपूर्ण थियो। एकातिर स्रोत र साधनको कमी, वजारव्यवस्था र विज्ञापनदाताहरूको कमी लगायतका आर्थिक समस्या प्रमुख थिए भने अर्कोतिर प्रशासनिक झैझमेला र सानातिना कुरामा पनि मुद्दा मामिलामा वल्झिरहनु पर्थ्यो। त्यसवखत पत्रिकाले जनतामा सत्य र तथ्य सूचना प्रवाह गर्नुका अतिरिक्त एउटा वलियो प्रतिपक्ष र सचेतकको भूमिका पनि निर्वाह गर्नुपर्थ्यो। प्रतिवन्धित राजनीतिक पार्टीहरूका अपिल, प्रेसवक्तव्य जस्ता राजनीतिक पर्चाहरूकासाथै कहिले कहिले त नेताहरूका अन्तर्वार्ता आफैं ड्राफ्ट गरी प्रेस सम्मेलनको आयोजना समेत आफैं गर्नुपरेका थुप्रै घटनाहरूको स्मरण अझै ताजै छ। त्यतिखेर प्रतिवन्धित रहेका राजनीतिक पार्टी र तिनका नेताहरूलाई त्यतिखेरका पत्रपत्रिकाहरूले निकै गुन लगाएका थिए। ती पार्टीका अधिकांश नेताहरू हाल सत्तासीन छन्। तर 'खोला तऱ्यो लौरो विर्स्यो' को स्थिति भएको छ अहिले। जेहोस् आजको सहज परिस्थिति त्यसैको एउटा परिणति हो। हालको पत्रकारिता आजको विकसित सूचना र मुद्रण प्रविधिले गर्दा धेरै नै सहज भएको छ।

२०४६ सालको राजनीतिक परिवर्तनले नेपाली पत्रकारिता क्षेत्रलाई पनि व्यावसायिक प्रतिस्पर्धा र जिम्मेवारी निर्वाहतर्फ अभिप्रेरित गरेको छ। त्यसैको फलस्वरूप अहिले निजी क्षेत्रवाट पत्रकारिता क्षेत्रमा उल्लेख्य लगानी हुन थालेको छ। वढी पाठकहरू माझ पुग्ने होडवाजीले विषयगत विविधतातिर पनि पत्रपत्रिकाको ध्यान जान थालेको छ। यस क्षेत्रको पत्रकारिताले हाल आएर व्यावसायिक स्वरूप ग्रहण गर्न थाले पनि राजनीतिक आस्था र विचारको प्रभाववाट भने मुक्त हुन सकिरहेको छैन। आफैं प्रकाशक रहेका केही मुठ्ठीभरका सम्पादकहरूको लागि यो व्यवसाय अति फलिफाप वन्न पुगे पनि यस क्षेत्रका अधिकांश कलमजीवी र श्रमजीवी पत्रकारहरूको आर्थिक हालत सुध्रन सकेको छैन, भरपेट खान पुग्ने वलियो आधार र प्रत्याभूति पनि मिल्न सकेको छैन।

## सन्दर्भ सामग्री

कान्तिपुर। २०५२। पत्रकार माथि हमला। १०, पुस।

कान्तिपुर। २०५४। प्रहरीमाथि कार्वाही गर्न माग। ६, कार्तिक।

गोरखापत्र। २०५४। पत्रकारप्रति अभद्र व्यवहारको निन्दा। ७, कार्तिक।

नेपाली त्रैमासिक। २०३६। *मदन गौरव* (मदन पुरस्कार पुस्तकालयका पत्रिकाको सूची)। ललितपुरः मदन पुरस्कार पुस्तकालय।

पाण्डे, युवराज, सं.। २०५५। *नेपाली पत्रकारिताको विकासक्रम*। काठमाडौंः प्रेस काउन्सिल नेपाल।

प्रेस काउन्सिल नेपाल। २०४४। *पन्ध्रौं वार्षिक प्रतिवेदन*। काठमाडौंः प्रेस काउन्सिल नेपाल।

प्रेस काउन्सिल नेपाल। २०५१। उन्नाईसौं वार्षिक प्रतिवेदन। काठमाडौंः प्रेस काउन्सिल नेपाल।

प्रेस काउन्सिल नेपाल। २०५३। एक्काईसौं वार्षिक प्रतिवेदन। काठमाडौंः प्रेस काउन्सिल नेपाल।

हिमालय टाइम्स। २०५२। सम्पादकलाई दस रूपैयाँ जरिवाना। २९ वैशाख।

●